# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

प.स. : ०७७/०७८
च.नं. :

मिति: २०७७।०९।१९

**विषय: ग्रेड सीट प्रतिलिपि सम्बन्धी सूचना।**

अमरगढी नगरपालिका स्तरमा सञ्चालन भएको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-८) मा समावेश भएका विद्यार्थीहरूलाई यस कार्यालयबाट उपलब्ध गराइएका ग्रेडसीटहरू हराई वा नष्ट भई वा विवरणहरूमा त्रुटि भई प्रतिलिपिका लागि निवेदन गर्ने विद्यार्थीहरूले देहाय बमोजिमका कागजात एवम् शुल्क बुझाउनुपर्ने भएकाले सोही बमोजिम गर्न गराउनहुन सम्बन्धित विद्यार्थी, विद्यालय र अभिभावकहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरू:-**

१. निर्धारित ढाँचामा विद्यार्थीको निवेदन (निवेदनको ढाँचा **amargadhimun.gov.np** बाट प्राप्त गर्न सकिनेछ।),
२. जुन विद्यालयबाट परीक्षामा सम्मिलित भएको हो सोही विद्यालयबाट प्रष्ट व्यहोरा खुलेको सिफारिस,
३. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. ग्रेडसीटको विवरण (विद्यार्थीको नाम, थर, जन्ममिति, बुवाको नाम आदि) सच्याउनुपर्ने भएमा सक्कलै ग्रेडसीट,
५. ग्रेडसीट हराएको वा नासिएको भएमा ग्रेडसीटको फोटोकपी वा विद्यालयबाट प्रमाणित ग्रेड लेजरको प्रतिलिपि,
६. नगरपालिकाको राजश्व खातामा रु. २००।- (दुई सय) शुल्क बुझाएको रसीद (तर, ग्रेडसीटको विवरण फरक परेकाको हकमा नतिजा प्रकाशन भएको मितिले ३ (तीन) महिनाभित्र निवेदन गरेमा कुनै शुल्क लाग्ने छैन।)

**द्रष्टव्य:** २०७४ साल र सो भन्दा पछिका कक्षा ८ को परीक्षाका ग्रेडसीटहरू मात्रै यस कार्यालयबाट उपलब्ध हुनेछन्। सोभन्दा अगाडीका अभिलेखहरू शिक्षा विकास तथा समन्वय इकाइ डडेल्धुरामा रहेकाले सोही निकायबाट आवश्यक सेवा लिनहुन अनुरोध छ।

(हेमन्तराज पन्त)
**शाखा अधिकृत**



Scanned with CamScanner

## अमरगढी नगरपालिकाबाट जारी भएका आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को ग्रेडसीटको प्रतिलिपिका लागि विद्यार्थीले दिने निवेदन

श्री अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
डडेल्धुरा ।

मिति:..........................

**विषय:- प्रतिलिपि पाऊँ ।**

उपर्युक्त सम्बन्धमा मेरो कक्षा ८ को ग्रेडसीट हराएकाले/नष्ट भएकाले/विवरण तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले संलग्न कागजातहरुका आधारमा प्रतिलिपि उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछु । भूठा ठहरिएमा कानून बमोजिम कारवाही भोग्नेछु ।

| क्र.सं. | भएको (विग्रेको) विवरण | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**संलग्न कागजातहरु:-**

१. विद्यालयको सिफारिस
२. विग्रेको सक्कल ग्रेडसीट
३. हराएको वा नासिएको ग्रेडसिटको फोटोकपी/लेजरको फोटोकपी
४. जन्मदर्ता प्रमाणपत्रको फोटोकपी

**निवेदक**

हस्ताक्षर :................
विद्यार्थीको नाम थर :-
विद्यालयको नाम :-
रोल नं. :-
टेलिफोन नं. :-

**नोट:** *२०७४ साल देखिका कक्षा ८ का ग्रेडसीटहरु मात्र नगरपालिकाको कार्यालयबाट पाइने ।*

Scanned with CamScanner